# सरकारको आदेश प्रमाणित गर्ने नियम, २०१३

नेपाल अन्तरीम शासन विधानको दफा २६(३) ने दिएको अधिकारको प्रयोग गरी सरकारले देहायको नियन बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस नियमको नाम "सरकारको आदेश प्रमाणित गर्ने नियम, २०१३" रहेको छ ।

२. परिभाषा :- यस नियममा-

"सरकारको आदेश" भन्नाले नेपाल सरकारका नाममा निकालिने सरकारी आर्डर, उर्दी र अरू अधिकार पत्रहरूसमेत सम्झनुपर्छ ।

३. प्रमाणित गर्ने अधिकारी :- सरकारको आदेश नेपाल सरकारको प्रमुख सेक्रेटरी वा ज्वाइण्ट सेक्रेटरी वा डेपुटी सेक्रेटरी वा असिस्टेन्ट सेक्रेटरीद्वारा प्रमाणित गरिनेछ ।

४. खारेजी:- यस विषयमा भइराखेका सबै नियम, आदेश, सूचनाहरू खारेज गरिएका छन् ।

नेपाल कानून आयोग